

# ३स्क्वायर्सVT

*भर्मण्ट्स सप्लिमेण्टल न्यूट्रिशन एसिस्टन्स प्रोग्राम*
*(विगतको फुड स्टाम्प्स)*

# आधारभूत तथ्यहरू

**३स्क्वायर्सVT के हो?**

- ३स्क्वायर्सVT ले भर्मण्टका मानिसहरूलाई उनीहरूको खाद्य बजेट विस्तार गरी दिनमा तीन पटक खाना खाने अवस्था सिर्जना गर्न मद्दत गर्दछ।
- तपाईंले यो मासिक सुविधा डेबिट कार्डले जस्तै काम गर्ने एउटा EBT (इलेक्ट्रोनिक बेनेफिट्स ट्रान्स्फर) कार्डको माध्यमबाट पाउनुहुनेछ।
- तपाईंको घरमा सबैजना ६५ भन्दा माथिको उमेरका छन् अथवा SSI (सप्लिमेन्टल सेक्युरिटि इन्कम) प्राप्त गर्छन् भने, तपाईंले पाउने सुविधा हरेक महिना तपाईंको बैंक खातामा सोझै जम्मा हुनेछ।

**३स्क्वायर्सVT सुविधाहरू कसले पाउन सक्छ?**

- सीमित आय भएको परिवारले: हाल आय सीमामा वृद्धि भएकोले अब बढी मात्रामा भर्मण्टका मानिसहरू यो सुविधाका लागि योग्य हुनेछन्।
- योग्य व्यक्ति, परिवार, बुढापाका तथा शारीरिक रुपमा अशक्त मानिसहरू लगायतका सबैजनाका लागि ३स्क्वायर्सVT खुल्ला रहनेछ।
- धेरैजना ३स्क्वायर्सVT का लागि योग्य हुन्छन् तर उनीहरूलाई यो कुरा थाहा हुँदैन।
- विशेष नियमहरूले बुढापाका तथा शारीरिक रुपमा असमर्थ मानिसहरू हुने परिवारलाई सुविधाका लागि योग्य हुन मद्दत गर्छ ।
- तपाईं सुविधाका लागि योग्य हुनुहुन्छ वा हुनुहुन्न भने थाहा पाउनलाई **www.vermontfoodhelp.com** मा गएर परीक्षण गर्नुहोस्।

**मैले कति सम्म पाउन सक्नेछु?**

- तपाईंले पाउने मासिक सुविधा आमदानी तथा परिवारको आकार अथवा परिवार संख्यामा निर्भर हुन्छ। तपाईंको आय घट्दै गएमा ३स्क्वायर्सVT सुविधा बढ्दै जानेछ।
- केहि आय नभएको एक्लो व्यक्तिले अधिकतम **$२०० पाउँछ भने कुल $१००० आय** (कटौतिपछि) हुने ४ जनाको परिवारका लागि **$३६८ निर्धारण गरिएको छ ।**
- तपाईंको ३स्क्वायर्सVT कर्मचारीले तपाईंको मासिक आय तथा खर्च हेरेर तपाईंले पाउने सुविधा रकमको निर्धारण गर्ने छन् ।

**मैले कसरी आवेदन गर्ने?**

- आवेदनका लागि **१-८००-२८७-०५८९** मा फोन गर्नुहोस् अथवा **www.vermontfoodhelp.com** मा हेर्नुहोस्।
- तपाईंको आवेदन भर्न सहयोग चाहिएमा मद्दतका लागि: टेलिफोनबाट **२-१-१** डायल गरेर आफ्नो नजिकको **कम्यूनिटि एक्शन एजेन्सि**का बारेमा सोध्नुहोस्।
- यदि तपाईं वरिष्ठ नागरिक हुनुहुन्छ भने, **भर्मण्ट सिनियर हेल्पलाईन**को लागि **१-८००-६४२-५११९** मा फोन गर्नुहोस्।

Vermont Campaign to End Childhood Hunger

*यो सन्देशको केही अंशका लागि*
*समान अवसर प्रदायक तथा रोजगारदाता संस्था USDA द्वारा*
*आर्थिक अनुदान प्रदान गरिएको हो।*

VERMONT
DEPARTMENT FOR CHILDREN AND FAMILIES
ECONOMIC SERVICES DIVISION

४/१०/०९